# काठमाडौँ महानगरपालिका नगर सभाको १७ औं अधिवेशनमा

# उपप्रमुख सुनिता डंगोलज्यूको वजेट बक्तव्य

बैठकका सभाध्यक्ष काठमाडौँ महानगरपालिकाका प्रमुख श्री बालेन्द्र शाहज्यू, नगरसभाका सदस्यज्यूहरु, बैठकका सचिवज्यू, काठमाडौँ महानगरपालिकाका कर्मचारीमित्रहरु, विभिन्न क्षेत्रको प्रतिनिधित्व गरी नगरसभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, सांकेतिक भाषाको माध्यमबाट र अन्य माध्यमबाट यस कार्यक्रमलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु, स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारणमा जोडिनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

सवैप्रथम यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि आफ्नो अमूल्य जीवनको आहुती दिनुहुने अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

आज हामी काठमाडौँ महानगरपालिकाको नगर सभाको १७ औं अधिवेशनको पहिलो बैठकमा उपस्थित भएका छौं । यस बैठकमा अगामी आर्थिक वर्ष २०८२।०८३ को लागि वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयक पेश गरी छलफल गर्ने क्रममा छौं ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु**

अगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट पेश गर्ने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको समयसिमा भन्दा हामी केही ढिला भएका छौं । विगतका दिनहरुमा हामी विच केही अविश्वास, केही तिता मिठा अनुभव प्रस्तुत भए, आरोप प्रत्यारोप पनि भए सवैकुरा मन्थन भयो समस्यहरु समाधान पनि भए र आज हामी फेरी एक ढिक्का भएर यस गरिमामय सभामा उपस्थित भएकाछौं । समयमै अगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्न नसकेकोमा मेरो व्यक्तिगत तर्फवाट र सवै नगरसभा सदस्यहरुको तर्फवाट महानगरवासी र सरोकारवाला निकाय समक्ष क्षमा याचना व्यक्त गर्दछौं । ढिलै भए पनि अगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम ल्याउन

हामी सवैले महत्वपूर्ण भूमिका निर्वाह गरेको पनि यस गरिमामय सभामार्फत यहाँहरुलाई जानकारी गराउन चाहान्छु ।

**सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,**

हाम्रो सहयात्रा ३ वर्ष पुगिसकेको छ ।

जनताको अपेक्षाहरु धेरै छन, अवका दिनमा हामी महानगरवासीलाई आफ्नो सामर्थ्यले भ्याउनेसम्मको काम गर्ने प्रण यसै सभा मार्फत गर्न चाहान्छु । जसलाई पूरा गर्न आपसमा सहमति, समन्वय र सहअस्तित्वको भावना सहित सहकार्य गरेमा जनताको इच्छा पूरा गर्न सहज हुनेछ भन्ने मैले विश्वास लिएकी छु ।

हामी काठमाडौंको विकास गर्न आएका निर्वाचित जनप्रतिनिधिहरु हौं, हामी काठमाडौंको मुहार परिवर्तन गर्न अन्य निकाय र सरोकारवाला निकायहरु वीच परस्पर सहकार्य र समन्वयमा कामहरु अगाडि वढाउन चाहन्छौं । यसका लागि हामीले संघ र प्रदेश सरकारसँग सधै सहकार्यको अपेक्षा राखेका छौं ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा नेपालको संबिधान, प्रचलित कानून, नगर सभामा प्रस्तुत भएको आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम,संघ र प्रदेश सरकारले अबलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, वजेट तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति, अन्य बिषयगत समितिहरु, बिभिन्न संघसंस्था, बिद्धतबर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझाब समेतलाई आधार मानिएको छ ।

नेपालको संबिधान जारी भएपश्चात राज्यको शासकीय संरचना ३ तहको सरकारबाट सन्चालित छ। स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। स्थानीय सरकारको रुपमा काठमाडौं महानगरपालिकाले व्यवस्थापिकीय, कार्यकारी र न्यायिक अधिकारको प्रयोग

गर्दै आएको छ । यस सम्मानित नगरसभामा बजेट तथा कार्यक्रमको साथै आर्थिक र बिनियोजन विधेयक समेत पेश हुने भएकाले उक्त विधेयकहरुमा आम्दानी तथा खर्चको विषयहरु विस्तृतरुपमा प्रस्तावहरु पेश हुने व्यहोरा यस सभा समक्ष जानकारीको लागि अनुरोध गर्दछु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

अव म यस गरिमामय सभामा अगामी आर्थिक वर्ष २०८२।०८३ को वजेट प्रस्तुत गर्नु पूर्व चालु आर्थिक वर्षको वजेट कार्यान्वयन सम्वन्धमा संक्षिप्तमा प्रकाश पार्न चाहान्छु ।

नगरसभाको १५ औं अधिवेशनले संचित कोषमा जम्मा हुने रकमवाट आर्थिक वर्ष २०८१।०८२ का लागि रु. २४ अरब ९० करोड ६३ लाख २५ हजार रुपैयाको बजेट पारित गरेको थियो । कुल वजेटमा परिवर्तन नहुने गरी २०८२ पुष १४ गते वसेको नगरसभाको १६ औं अधिवेसनले केही योजनाहरुलाई शंसोधन समेत गरेको थियो ।

बजेट कार्यान्वयनका लागि आन्तरिक तथा अन्य निकायवाट प्राप्त हुने आम्दानीमा रु.१२ अरब ९० करोड ६३ लाख रुपैया, र वैक मौज्दात १२ अरब रुपैया रहेको थियो ।

चालु आर्थिक वर्षको वजेट कार्यान्वयन तर्फ हेर्दा कुल बजेट रु.२४ अरब ९० करोड ६३ लाख २५ हजार रुपैयामा असार २५ गतेसम्मको कुल खर्च जम्मा रु.१३ अरब ३ करोड ७४ लाख ६० हजार रुपैया रहेको छ। जुन कुल वजेटको ५२.१३ प्रतिशत हुन आँउछ। त्यसैगरी पूँजीगत तर्फ खर्च विश्लेषण गर्दा रु.१५ अरब ६ करोड ५६ (छपन्न) लाख १ हजार रुपैया विनियोजन भएकोमा जम्मा खर्च रु.६ अरब ७३ करोड ७४ लाख ८० हजार रुपैया रहेको छ। जुन कुल वजेटको ४४.७२ प्रतिशत हुन आउँछ। चालू तर्फ रु.९ अरब ८२ करोड २० लाख ५० हजार रुपैया विनियोजन भएकोमा रु.६ अरब २२ करोड ९९ लाख ८० हजार रुपैया खर्च भएको छ । जुन कुल वजेटको ६३.४२ प्रतिशत हो ।

क्षेत्रगतरुपमा वजेट विश्लेषण गर्दा आर्थिक विकास क्षेत्रतर्फ कुल  रु.७४ करोड ३९ लाख ८१ हजार विनियोजन भएकोमा त्यसको ३७.६९ प्रतिशत खर्च भएको छ । त्यसैगरी, सामाजिक क्षेत्रतर्फ कुल विनियोजन रकम रु.५ अरव ४२ करोड ३० लाख ४८ हजार रुपैयामा ४७.९२

प्रतिशत खर्च भएको देखिएको छ । पूर्वाधार क्षेत्रमा कुल विनियोजन रकम रु.११ अरव ३९ करोड ३९ लाख १७ हजार रुपैयामा ५२.५२ प्रतिशत रकम खर्च भएको देखिएको छ। त्यसैगरी सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा कुल विनियोजन भएको रकम रु.३ अरव २४ करोड ५२ लाख ५१ हजार रुपैयामा त्यसको २८.८ प्रतिशत रकम खर्च भएको छ भने कार्यालय सन्चालन तथा प्रशासनिक क्षेत्र तर्फ कुल विनियोजन भएको रकम रु.४ अरव २० करोड २४ लाख ५२ हजार रुपैयामा त्यसको ७७.०२ प्रतिशत रकम खर्च भएको छ ।

राजश्व आम्दानीतर्फ चालू आर्थिक वर्षमा रु.१२ अरब ९० करोड ६३ लाख २५ हजार रुपैयाको लक्ष्य निर्धारण गरिएको थियो । त्यसमध्ये आन्तरिक राजस्व असुलीको लक्ष्य रु.८ अरब ३ करोड ५७ (सन्ताउन्न) लाख रुपैया रहेको छ। मिति २०८२ असार २५ गतेसम्म कुल रु.१० अरब ९ करोड ८५ लाख १५ हजार रुपैया राजश्व संकलन भएको छ ।

जसमध्ये आन्तरिक आय अन्तर्गत रु.५ अरब ४९ करोड ८८ (अठ्ठासी) लाख १९ हजार रुपैँया रहेको छ। समग्र प्रतिशतमा हेर्ने हो भने कुल आम्दानीको लक्ष्य अनुसार प्रगति ७८.२४ प्रतिशत हुन आउँछ । आन्तरिकतर्फ कुल लक्ष्यको ६८.४३ प्रतिशत प्रगति भएको देखिन्छ । चालू आर्थिक वर्षमा संघ, प्रदेशवाट राजश्व वाँडफाँडवाट लक्ष्यको ९०.६४ प्रतिशत राजश्व प्राप्त भएको छ भने, आन्तरिक अनुदान (समानिकरण र शसर्त) मा लक्ष्यको ९८.४६ प्रतिशत रकम अनुदान मार्फत प्राप्त भएको छ ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

अव म काठमाडौं महानगरपालिकाको अगामी आर्थिक वर्ष २०८२।०८३ को लागि बजेट पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका परिलक्षित उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेकी छु :

१. उपलब्ध श्रोत,सूचना र मानब संसाधनको उच्चतम परिचालन गर्दै विकासको गतिलाई तिब्रता दिने बिषयहरु,

२. स्थानीय स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढंगले परिचालन गरी आर्थिक असमानता र गरिवी न्यूनिकरण गर्ने विषयहरु,

३. सामाजिक, आर्थिक, भौतिक पूर्वाधार बिकास मार्फत समुन्नत र समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा महानगरको आर्थिक गतिविधिहरु मार्फत योगदान गर्ने बिषयहरु,

४. लैङ्गिक समानता र सामाजिक समाबेसीकरणलाई टेवा पुग्ने कार्यक्रम मार्फत समतामूलक समाज निर्माण गर्ने विषयहरु,

५. स्थानीय भाषा, साँस्कृती तथा सस्पदाहरुको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पु-याउने बिषयहरु,

६. बढदो वेरोजगार दरलाई न्यूनिकरण गर्न स्वदेशमै सिप तथा तालिम दिई स्वरोजगार वनाई विदेशिने दर घटाउने विषयहरु,

७. खाद्य गुणस्तरलाई प्राथमिकता दिई गुणस्तरीय वस्तु तथा सेवा जनतालाई उपलब्ध गराउने विषयहरु ।

अगामी आर्थिक वर्षको वार्षिक नीति तथा वजेट कार्यकम तर्जुमाका क्रममा विभिन्न दस्तावेजहरुको आधार लिइएको छ । जस्मा नेपालको संविधान, नेपालको सोह्रौं योजना, संघ तथा प्रदेश सरकारवाट प्राप्त नीतिगत विषयवस्तुलाई मार्ग दर्शनका रुपमा लिइएको छ । साथै दिगो विकासका लक्ष्यहरु,अन्तरराष्ट्रिय सन्धी सम्झौताहरुलाई समेत आधार वनाइएको छ । प्रस्तुत नीति तथा कार्यकमवाट काठमाडौं महानगरवासीहरुको समग्र हितमा टेवा पुग्ने विश्वास मैले लिएको छु ।

**सभाध्यक्षज्यू एवं नगरसभा सदस्यज्यूहरु,**

काठमाडौं महानगरपालिकाको नीति तथा कार्यक्रमलाई साकार पार्न आगामी आर्थिक बर्ष २०८२/८३ को लागी रु २५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैया संचितकोषमा

व्ययभार पर्ने र ६५ करोड रुपैया अन्य वाह्य व्ययभार हुने गरी कुल रु.२५ अरव ७६ करोड ४३ लाख ४१ हजार रुपैयाको अनुमानित बजेट पेश गर्न चाहान्छु ।

अगामी आर्थिक वर्षको लागि सन्चित कोषमा २५ अरब ११ करोड ४३ लाख ४१ हजार रुपैया जम्मा हुने देखिएको छ । जसमध्ये काठमाडौँ महानगरपालिकाको आन्तरिक आय र वैंक मौज्दात गरी कुल  २० अरव १२ करोड ६४ लाख रुपैयाको स्रोत व्यवस्थापन हुने अनुमान गरिएको छ भने नेपाल सरकार तथा प्रदेश सरकारवाट शसर्त, समानिकरण, राजश्व वाँडफाँडवाट प्राप्त हुने अनुदान ४ अरव ९८ करोड ७९ लाख ४१ हजार रुपैयाको स्रोत सुनिश्चित भएको छ ।

क्षेत्रगत रुपमा हेर्दा प्रस्तुत वजेट तथा कार्यक्रम अन्तर्गत आर्थिक विकासमा कुल वजेटको ३ प्रतिशत अर्थात ७५ करोड ३४ लाख ३० हजार रुपैयाँ प्रस्ताव गरिएको छ । त्यसैगरी सामाजिक विकासमा २० प्रतिशत अर्थात ५ अरव २ करोड २८ लाख ६८ हजार रुपैया प्रस्ताव गरिएको छ । त्यसैगरी पूर्वाधार विकास तर्फ ५१ प्रतिशत अर्थात १२ अरव ८० करोड ८३ लाख १४ हजार रुपैयाँ रहेको छ भने सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ १२ प्रतिशत अर्थात ३ अरव १ करोड ३७ लाख २१ हजार प्रस्ताव गरिएको छ भने कार्यालय संन्चालन तथा प्रशासनिक क्षेत्र तर्फ १४ प्रतिशत अर्थात ३ अरव ५१ करोड ६० लाख ८ हजार रुपैया प्रस्ताव गरिएको छ ।

अगामी आर्थिक वर्षमा काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका पूर्वाधार योजनाहरुलाई उच्च प्रथामिकतामा राखिएको छ, भने फोहोरमैला व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीमा सुधार,सुशासन प्रवर्द्धन, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमतावृद्धि,एक वडा एक उद्यम कार्यक्रमलाई प्रवर्द्धन गरी रोजगारी र आयवृद्धीगर्ने कार्यक्रमहरुलाई समेत उच्च प्राथामिकतामा राखिएको छ । त्यसैगरी काठमाडौ महानगरपालिका क्षेत्रभित्रको ध्वनी प्रदुषण कम गर्ने, सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने, महानगरक्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक,महत्व वोकेका मठ, मन्दिर,बहाल, पोखरी, हिटी,वहाः वही, ननी लगायतका सम्पदास्थलहरुको संरक्षण र प्रवर्द्धनमा समेत वजेट व्यवस्थापन गरिएको छ ।

**सभाध्यक्षज्यू एवं नगरसभा सदस्यज्यूहरु,**

अगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ काठमाडौं महानगरपालिकाले लक्ष्य अनुसारको प्रगति हासिल गर्न देहायका नीतिहरु अवलम्वन गरेकोछ :

अगामी आर्थिक वर्षका लागि राजश्व असुलीलाई प्रभावकारी वनाउन व्यवसाय करमा नयाँ करदाता पहिचान गर्ने, करदाताहरुलाई व्यवसाय/ कारोवारस्थलमा नै गई समन्वय तथा सहजिकरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

त्यसैगरी अगामी आर्थिक वर्ष २०८२।०८३ मा करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन पौष मसान्तसम्म कर वुझाउने करदातालाई १० प्रतिशत छुट दिइएको छ । वहाल करलाई एकद्धार प्रणाली मार्फत संकलन गर्न संघीय सरकारसंग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ । साथै कर प्रतिको अपनत्व र विश्वास अभिवृद्धि गर्न केही करका शिर्षकमा सिफारिस दस्तुर निशुल्क गरिएको छ । कर विश्लेषण र करको दायरा वृद्धि गर्न विज्ञ सहितको सरोकारवाला निकायसंग सहकार्य गर्ने कार्यक्रमहरु प्रस्ताव गरिएको छ । कारदातालाई वस्तुगत संघहरुसंग आवद्ध गरी दायरा फराकिलो वनाउने सोच अधि सारिएको छ ।

**सभाध्यक्षज्यू र नगरसभाका सदस्यज्यूहरु,**

**अन्त्यमा**

काठमाडौं महानगरपालिकाको अगामी आर्थिक वर्ष २०८२।०८३ को लागि यस गरिमामय सभामा प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रमहरु समग्र महानगरक्षेत्रको विकासका लागि भएकाले यसको कार्यान्वयन गर्न सवै वर्ग, समुदाय, नगरसभाका सदस्य, कार्यापालिका सदस्य, कर्मचारी, पत्रकार सवै एक जुट भएर सक्रिय हुनुपर्ने देखिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु शतप्रतिशत प्रगतिको अपेक्षा सहित उपस्थित सभाध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु कार्यापालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रम वनाउन अहोरात्र खटिनुहुन स्रोत अनुमान समितिका पदाधिकार तथा विषयविज्ञ सदस्यहरु, वजेट तर्जुमा

समितिका सम्पूर्ण सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु तथा कर्मचारीमित्र र पत्रकारमित्रहरुलाई पून एकपटक धन्यवाद दिन चाहन्छु ।

साथै, काठमाडौँलाई स्वच्छ, सफा, हरियाली, सुरक्षित साँस्कृतिक र जीवन्त सहरको रुपमा विकास गर्ने हाम्रो मूल उद्धेश्य साकार पार्नका लागि सम्पूर्ण महानगरबासी, जनप्रतिनिधि, कर्मचारी, करदाता महानुभावहरु, विकास साझेदार संघसंस्थाहरु,सरकारी,गैर-सरकारी तथा सामुदायिक संघसंस्थाहरु, संचार जगतप्रति हार्दिक अपील गर्दछु । यस बजेटको सफल कार्यान्वयनमा सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षागरेको छु ।

धन्यवाद ।

**सुनिता डंगोल**

उपप्रमुख

काठमाडौं महानगरपालिका ।

**मिति २०८२ असार २९ गते आइतवार**

**नेपाल सम्वत, ११४५ दिल्लागा तृतिया**